# पाठ २

# परमेश्वरले हामीलाई दिनुभएको पुस्तक

परमेश्वरले हामीलाई बाइबल कसरी दिनुभयो भन्ने कुरामा के तपाईं कहिल्यै चकित हुनुभएको छ? हुनसक्छ यसलाई स्वर्गदूतहरूले एकैसाथ मिलाएर कसैले पाओस् भनी छोडिदिएको पो होकि? वा कसैले आफ्नो पूरै जीवनकाल अध्ययन र खोज तलाश गरि अन्तमा गएर आफ्नो दर्शनशास्त्र पो हामीलाई दिएर गएको होकि?

परमेश्वरले हामीलाई आफ्नो वचन दिनको लागि यिनीहरूमध्ये कुनै माध्यम पनि चुन्नु भएन। त्यसको सट्टामा उहाँले सयौं वर्षहरूका बीचमा भएका विभिन्न काम गर्ने साधारण मानिसहरूलाई बाइबल भनिने यो पुस्तक लेख्नको लागि प्रयोग गर्नुभयो। यिनीहरूले लेखेका पुस्तकहरूमा भएको मिलापले परमेश्वर परिवर्तन हुनुहुन्न भन्ने कुराको साक्षी दिन्छ।

बाइबल जुन किसिमले लेखियो त्यसमा आश्चर्यकर्म छ। यसलाई यति लामो समयसम्म सुरक्षा गरेर राखिनुनै अर्को आश्चर्यकर्म हो। राजाले भविष्यवाणीको पुस्तकलाई लिएर आगोमा फाली जलाए भन्ने कुरा एउटा भविष्यवक्ताले बताएका छन्। तर परमेश्वरले अगमवक्तालाई अर्को बेहेरूवा लिएर



फेरि त्यसमा लेख्न लगाउनु भयो (यर्मिया ३६:२७-२८)। उहाँको वचन नाश पार्न सकिएन।

यस पाठमा हामीले बाइबलको बारेमा भएको सत्यता, यसलाई लेख्नको निम्ति कसलाई प्रयोग गरिएको थियो, बाइबलको एक भाग अर्को भागसँग कसरी सम्बन्धित छ र यिनीहरू सबै हामीसँग कसरी सम्बन्धित छन् जस्ता विषयहरूको अध्ययन गर्नेछौं। हामीले यस पुस्तकलाई बुझ्दै जाँदा हामी यस प्रति अझै धन्यवादी हुनेछौं र यसबाट गहिरो अध्ययनको लागि हामी अझै तयारी हुँदै जानेछौं।

**यस पाठमा तपाईंले यी कुराहरू अध्ययन गर्नुहुनेछः**

यसको शुरू
यसको सामान्य बनावट
नियमहरूको सम्बन्ध
यसका विभिन्न अनुवादहरू

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउने छ...**

- बाइबलको शुरू र बनावटलाई व्याख्या गर्न।
- नयाँ नियम पुरानो नियमसँग कसरी सम्बन्धित छ सो बुझ्न।
- प्रत्येक व्यक्तिले किन बाइबल बुझ्नुपर्छ भनी महसूस गर्न।

---

## यसको शुरू

---

### परिभाषा र विभाजन

उद्देश्य १. *पवित्र बाइबल भनेको के हो त्यसको परिभाषा दिनुहोस् र यसमा कतिवटा पुस्तकहरू छन् सो बताउनुहोस्।*

पवित्र बाइबल परमेश्वरले हामीलाई दिनुभएका ६६ वटा पुस्तकहरूको सानो पुस्तकालय हो। हामी यसलाई बाइबल, धर्मशास्त्र, वा परमेश्वरको वचन भन्छौं।

बाइबलको खास अर्थ "पुस्तकहरू" हो। पवित्र भनेको हामीले "आदर दिने कुरा हो, किनभने यो पुस्तक परमेश्वरको हो।" बाइबलमा भएका ६६ वटा पुस्तकहरू सबैनै पवित्र छन्।

## तपाईंको अभ्यासको निम्ति

तल दिइएका प्रत्येक अभ्यासहरूबाट सबैभन्दा उत्तम उत्तरहरूलाई छान्नुहोस्।

१. बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क.** २६
**ख.** ३६
**ग.** ६६
**घ.** ७४

२. यस पुस्तकको शीर्षक पवित्र बाइबल भनी दिइएको छ र यसको अर्थ के हो?

**क.** यो सन्तहरूको पुस्तक हो।
**ख.** यसमा दुई प्राचिन पुस्तकहरू छन्।
**ग.** यो परमेश्वरबाटको हो र यो उहाँको भएको हुनाले हामी यसलाई आदर गर्छौं।

आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्

**लेखकहरू र प्रेरणा**

उद्देश्य २. *बाइबलका लेखकहरू कतिवटा थिए र बाइबलका पुस्तकहरूलाई तिनीहरूले कसरी लेखे सम्झनु।*

करीब ४० जना मानिसहरूलाई बाइबल लेख्ने ईश्वरीय प्रेरणा मिलेको थियो। यिनीहरूमध्ये कसैले एउटाभन्दा बढी पुस्तकहरू लेखेका छन्; केही पुस्तकहरूमा तिनीहरूका लेखकहरूले सही नगरेका हुनाले, तिनीहरूलाई कसले लेखेको हो भनी

हामीहरूले थाह पाउन सकेका छैनौं।

ईश्वरीय प्रेरणा भनेको अर्थ पवित्र आत्माले लेखकहरूलाई ती विचारहरू र शब्दहरू दिनुभयो जुन परमेश्वरले तिनीहरूलाई लेखेको चाहनुहुन्थ्यो। बाइबलले २तिमोथी ३:१६ मा हामीलाई बताएको छ कि सबै धर्मशास्त्र परमेश्वरद्वारा प्रेरणा पाएको हो। यी सबै लेखकहरू एकै समयमा नरहेका हुनाले तिनीहरूले एक अर्कासँग सल्लाहगर्ने मौका पाएका थिएनन्। पहिलो पुस्तक येशू ख्रीष्ट आउनुभन्दा १५०० वर्ष पहिले लेखिएको थियो भने अन्तिम पुस्तकचाँहि येशू ख्रीष्ट आउनुभएको १०० वर्षपछि लेखिएको थियो।

बाइबलका यी पुस्तकहरू परमेश्वरको आत्माको प्रेरणाद्वारा लेखिएका हुनाले हामी तिनीहरूलाई पवित्र भन्छौं।

लेखकहरूमध्ये कोही राजाहरू, माछामार्नेहरू, कामदारहरू, र राजनीतिज्ञहरू, सैनिक र धार्मिक अगुवाहरू, किसानहरू, व्यापारीहरू, र कविहरू थिए। तिनीहरू विभिन्न ठाउँ, इच्छा र पृष्ठभूमिबाट आएका भएतापनि परमेश्वरले तिनीहरूलाई प्रेरणा दिनुभएको हुनाले तिनीहरूले एउटै विषयमा लेखेका थिए। यो एउटै विषयवस्तु वा उद्देश्य चाँहि परमेश्वर र मानिसको बीचको सम्बन्ध हो।

कुनै विरोध बिनानै पुस्तकको सबै ठाउँमा यस्तो मिलाप पाउनुको मुख्य कारण चाँहि यो बाइबल पुस्तकमा एउटै मुख्य लेखक हुनुभएको हुनाले हो - जो परमेश्वर आफै हुनुहुन्छ र उहाँ विभिन्न व्यक्तिहरूद्वारा बोल्नुभएको थियो।

तल दिइएको पदलाई कण्ठगर्नु तपाईंको लागि फायदा हुन्छः

"किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट उत्तेजित भएर मानिसहरूले परमेश्वरका तर्फबाट बोल्दथिए।" (२पत्रुस १:२१)

## तपाईंको अभ्यासको निम्ति

**३**. तल दिइएको वाक्यलाई पूरा गर्ने उत्तरलाई छान्नुहोस्।

बाइबल परमेश्वरको प्रेरणादायी वचन हो भनी जब हामी भन्छौं, त्यसको अर्थ पवित्र आत्माले लेखकहरूलाई के गर्न प्रभाव पार्नुभएको थियो?

**क**. के लेख्नुपर्ने हो त्यसको बारेमा एक अर्कासँग सल्लाह लिन।

**ख**. परमेश्वरका विचार र शब्दहरू लेख्न।

तल दिइएका प्रत्येक प्रश्नहरूको सबैभन्दा उत्तम उत्तर छान्नुहोस्

**४**. बाइबलको पहिलो पुस्तक लेखिएको समयदेखि अन्तिम पुस्तक लेखिएको समयको बीचमा कति वर्ष फरक छ?

**क**. करीब ५० वर्ष

**ख**. करीब ५०० वर्ष

**ग**. करीब १६०० वर्ष

**५.** बाइबल लेख्नकोलागि परमेश्वरले कसलाई प्रेरणा दिनुभयो?

**क.** चालीसजना पूजाहारीहरू र अगमवक्ताहरू।

**ख.** विभिन्न पृष्ठभूमिबाट आएका साठीजना मानिसहरू।

**ग.** विभिन्न पेशा भएका र इतिहासको विभिन्न समयमा रहेका करीब ४० जना मानिसहरू।

**६.** यी मानिसहरूले एउटै विषयमा लेखेर एक अर्काको विरोध गरेनन् किनभने

**क.** परमेश्वरचाँहि साँचो लेखक हुनुहुन्थ्यो र तिनीहरूले लेख्दा तिनीहरू पवित्र आत्माको अधिनमा थिए।

**ख.** हरेकले आउने लेखकहरूको लागि निर्देशनहरू छोडेर गएका थिए।

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

## यसको सामान्य बनावट

उद्देश्य ३. *पुरानो नियम र नयाँ नियमको बीचमा भएका कमसेकम तीन विभिन्नतालाई थाहपाउने।*

जब दुई व्यक्ति वा दुई राष्ट्रहरूले विशेष सम्झौता (सन्धि) गर्न चाहे भने तिनीहरूले एक सम्झौता (सन्धि) वा मिलाप (सहमती) पत्र लेख्न सक्छन्। यस सम्झौता पत्रमा एकपल्ट सही गरिएपछि यसलाई रद्द गरिनु हुँदैन। नियम भन्ने शब्दको अर्थ सन्धि, सम्झौता वा करार भन्ने हुन्छ। बाइबल पुरानो र नयाँ गरि दुई नियमहरूमा विभाजित भएको छ। परमेश्वरले मानिससँग यिनै सम्झौताहरू बनाउनुभएको हो।

तपाईंको बाइबलको शुरूको कुनै एक पृष्ठमा पुरानो नियमका पुस्तकहरूलाई तिनीहरूका पृष्ठ संख्या सहित तिनीहरूका नामको सूची बनाइ लेखेको पाउनुहुन्छ। पुरानो नियमलाई नयाँ नियमभन्दा अगाडि लेखेको पाउनुहुन्छ।

पुरानो नियम हिब्रू वा इस्राएली भनिने यहूदीहरूलाई दिइएको थियो। परमेश्वरले उनीहरूलाई आफ्नो सत्यता प्राप्त गर्न, तिनीहरूलाई लेख्न र अरूहरूलाई सिकाउनको निम्ति उनीहरूलाई छान्नु भएको थियो। पुरानो नियम हिब्रू भाषामा लेखिएको थियो किनभने यो यहूदीहरूको आफ्नै भाषा थियो।

पुरानो नियमले सृष्टिदेखि नयाँ करार स्थापना गर्नुहुने उद्धारकर्ताको आगमनको समयसम्म मानिससँग भएको परमेश्वरको सम्बन्धको इतिहासलाई ढाकेको छ।

नयाँ नियमले परमेश्वरको पुत्र येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताको रूपमा ग्रहण गर्नेहरूसँग परमेश्वरले बनाउनु भएको नयाँ करारको इतिहास र अवस्थाको बारेमा बताउँछ। यसले हामीलाई येशू ख्रीष्टको जीवनकथा र उहाँले सिकाउनु भएको कुरा बताउँछ।

नयाँ नियम लेखिएको समयमा ग्रीक सबैले जान्ने साधारण भाषा थियो। यो नयाँ करार यहूदीहरूको लागि मात्र नभएर सबै मानिसहरूको लागि भएको हुनाले प्रायजसो मानिसहरूले पढ्न सकून भनेर यो नयाँ नियम ग्रीक भाषामा लेखिएको थियो।



## तपाईंको अभ्यासको निम्ति

तल दिईएका अभ्यासहरूको निम्ति ठीक उत्तर छान्नुहोस्। प्रश्न नं ९ मा एकभन्दा बढी उत्तर ठीक हुन्छ।

**७.** हामीले पुरानो नियम भनी थाहपाएको परमेश्वरको प्रकाश र करारलाई प्राप्त गर्नको निम्ति को चुनिएका थिए?

**क.** हिब्रू (इस्राएलीहरू)

**ख.** ख्रीष्टियानहरू

**ग.** ग्रीकहरू

**८.** येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी स्वीकार गर्ने व्यक्तिहरूसँग परमेश्वरले बनाउनुभएको करारको जुटावट र अवस्था कुन नियममा पाइन्छ?

**क.** पुरानो नियम

**ख.** नयाँ नियम

**९.** पुरानो नियम नयाँ नियम भन्दा कुन कुन कुरामा फरक छ?

**क.** पुरानो नियम ग्रीक भाषामा होइन तर हिब्रू भाषामा लेखिएको थियो।

**ख.** पुरानो नियममा धेरै पुस्तकहरू छन्।

**ग.** पुरानो नियम विशेषगरी यहूदीहरूको निम्ति लेखिएको थियो।

**घ.** यसका लेखकहरू नयाँ नियमका भन्दा भिन्दै थिए।

**ङ.** यो इतिहासको भिन्नै समयको बारेमा लेखिएको थियो।

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

## नियमहरूको बीचको सम्बन्ध

उद्देश्य ४. *नयाँ नियमले कसरी पुरानो नियम पूरा गरेको छ त्यसको उदाहरण दिनुहोस्।*

पुरानो नियमले मानिसको निम्ति भएको परमेश्वरको योजनालाई प्रकट गराएको हुनाले यो धेरै महत्वपूर्ण छ। तर येशू ख्रीष्ट आउनुभएर सदाको लागि उत्तम करार स्थापना नगरूञ्जेलसम्म यो अस्थाई सम्झौता मात्र थियो। अहिले हामी नयाँ सन्धि वा नयाँ नियमको अधिनमा भएको हुनाले पहिले यसलाईनै पढ्नुहोस् भनी हामी सल्लाह दिन्छौं।

नयाँ नियम पुरानो नियममा आधारित छ। यसले केवल दुई सन्धिहरूको बीचमा भएको सम्बन्धलाई व्याख्या गर्ने मात्र होइन, तर यसले पुरानो नियमका भविष्यवाणीहरूको परिपूर्तिलाई पनि उल्लेख गरेको छ।

उदाहरणको लागि पुरानो नियममा मीका ५:२ ले बताएको छ कि उद्धारकर्ताको जन्म बेतलेहेमको यहूदी शहरमा हुनेछ। नयाँ नियममा मत्ती २:१ ले हामीलाई बताउँछ कि मुक्तिदाता येशू बेतलेहेममा जन्मनु भएको थियो।

पुरानो नियममा भजन २२:१८ ले हामीलाई बताउँछ कि मानिसहरूले चिट्ठा हाली मुक्तिदाताका पोशाकहरूलाई आफ्ना बीचमा बाँड्ने छन्। येशू क्रूसमा मर्नुभएको बेलामा सिपाहीहरूले उहाँका लुगा लिए। मत्ती २७:३५ ले बताएको छ, "अनि तिनीहरूले उहाँलाई क्रूसमा टाँगेपछि गोलाहालेर उहाँका पोशाकहरू आफू आफूमा बाँडि।"

यस्तै अरू सयौं उदाहरणहरू दिनसकिन्छन्। पुरानो नियमका भविष्यवाणीहरू नयाँ नियममा पूरा भएका छन् भनी देखाउनको लागि त्यहाँ विशेष पुस्तकहरू लेखिएका छन्।

पुरानो नियम जस्तो प्राचिन पुस्तक यति धेरै वर्षसम्म सुरक्षित रहनु कति उदेकको कुरा हो। परमेश्वरको वचन पाउने, यसलाई रक्षागर्ने र यसलाई अरू राज्यहरूसँग बाँड्ने परमेश्वरले चुन्नु भएका जनहरूसँग हामी धन्यवादी हुनुपर्छ।



## तपाईंको अभ्यासको निम्ति

१०. प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क. पुरानो नियम यहूदीहरूलाई दिइएको हुनाले, हामीले यसलाई पढ्नु आवश्यक छैन्।

ख. नयाँ नियम आज परमेश्वरका मानिसहरूसँग भएको उहाँको करार हो, तर पुरानो नियममा पनि हाम्रो निम्ति महत्वपूर्ण पाठहरू छन्।

ग. पुरानो र नयाँ नियम दुवै मानव जातिको निम्ति भएको परमेश्वरको योजनाको रूपमा दिइएको उहाँको प्रकाश हो।

**११.** हाम्रो बाइबलको निम्ति हामीले कुन मानिसहरूलाई विशेष धन्यवाद दिनुपर्छ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . .

**१२.** पुरानो नियमका भविष्यवाणीहरूलाई नयाँ नियममा भएका परिपूर्तिका पदहरूसँग जोडा मिलाउनुहोस्। प्रत्येक भविष्यवाणीको अगाडि दिइएको खाली ठाउँमा नयाँ नियमका पदहरूको संख्या लेख्नुहोस्।

१. प्रकाश ५:५
२. लूका २:१३-१४
३. मत्ती २१:४
४. लूका १:१७
५. मत्ती २६:१५
६. लूका २३:५०-५१
७. मत्ती १:१
८. मत्ती १:२३
९. हिब्रू ५:६
१०. लूका १:३१

__**क**. व्यवस्था ३२:४३ - स्वर्गदूतहरूले जन्ममा आराधना गर्छन्
__**ख**. २ शमूएल ७:१३ - दाऊदको सन्तान, अनन्त राजा
__**ग**. उत्पति ४९:१० - यहूदाको राजकीय कूलबाट
__**घ**. भजन ११०:४ - मल्कीसेदेक पूजाहारी जस्तो
__**ङ**. यशैया ७:१४ - कन्याबाट जन्मनुभएको
__**च**. यशैया ४०:३ - उहाँको पथप्रदर्शक यूहन्नाले "बाटो तयार पार" भनी कराइ रहेका थिए।
__**छ**. यशैया ७:१४ - उहाँको नाम इम्मानुएल
__**ज**. जकरिया ९:९ - गधामाथि बसेर यरूशलेममा प्रवेश
__**झ**. जकरिया ११:१२ - चाँदीको तीस टुक्रामा बेचीएको
__**ञ**. यशैया ५३:९ - धनी मानिसको चिहानमा गाडिनुभएको

## यसका विभिन्न अनुवादहरू

### विभिन्न भाषाहरू

उद्देश्य ५. *बाइबल एकभन्दा बढी भाषामा किन चाहिन्छ त्यसको एउटा कारण दिनुहोस्।*

परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टलाई प्रत्येक व्यक्तिले आफ्नो उद्धारकर्ताको रूपमा स्वीकार गरोस् भन्ने चाहनुहुन्छ (२ पत्रुस ३:९)। परमेश्वरको इच्छा यस्तै भएको हुनाले उहाँको वचन हरेकले बुझोस् भनी उहाँ चाहनुहुन्छ। यसैकारणलेनै यहूदीहरूको लागि पुरानो नियम हिब्रू भाषामा लेखिएको थियो र सारा संसारको लागि नयाँ नियम ग्रीक भाषामा लेखिएको हो।

आज हामीहरूमध्ये धेरैले हिब्रू र ग्रीक भाषा नबुझ्ने हुनाले यदि बाइबल हाम्रो आफ्नै भाषामा अनुवाद नभएको भए हामीलाई बुझ्न धेरै कठिन हुनेथियो। यदि राम्रोसँग नजानेको भाषामा हामीले केही पढ्यौं भने साधारण कुरा पनि भ्रम हुनसक्छ। यसैकारणलेनै हामी बाइबल अध्ययन गर्छौं, यसलाई सिकाउँछौं, र यसलाई अनुवादगरि छाप्छौं। बाइबल संस्थाहरूले नयाँ नयाँ अनुवादहरू निकाल्नलाई मेहनत गरिरहेका छन्। बाइबल करीब १३०० विभिन्न भाषाहरूमा अनुवाद भइसकेको छ।

नयाँ भाषामा अनुवाद भएपछि त्यहाँ धेरै आनन्द मनाइन्छ किनकि यसको अर्थ चाँहि अर्को समूहका मानिसहरूले बाइबललाई आफ्नै भाषामा पढ्न पाएका छन्। अझै सयौं भाषाहरूमा बाइबल अनुवाद गरिएको

छैन्। यस अनुवादको काम गर्ने मानिसहरूलाई यस काममा अझै बल मिलोस भनी उनीहरूको लागि प्रार्थना गरौं।

## तपाईंको अभ्यासको निम्ति

**१३.** प्रत्येक पूर्ण वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। संसारमा बाइबलका धेरै अनुवादहरू चाहिन्छन्, किनभने

**क.** परमेश्वर प्रत्येक व्यक्तिले उहाँको वचन बुझेको चाहनुहुन्छ।

**ख.** आज धेरै मानिसहरूले ग्रीक वा हिब्रू भाषा पढ्दैनन्।

**ग.** आफ्नै भाषामा लेखिएका कुराहरू बुझ्न सजिलो हुन्छ।

तपाईंको उत्तरहरूको जाँच गर्नुहोस्

## विभिन्न अनुवादहरू

उद्देश्य ६. *अनुवाद भन्नाले के बुझ्नुहुन्छ परिभाषा दिनुहोस्, र त्यहाँ किन विभिन्न अनुवादहरू छन् त्यसको एउटा कारण पनि उल्लेख गर्नुहोस्।*

कहिलेकहीं एउटै भाषामा पनि एक भन्दा बढी बाइबलको अनुवाद गरिन्छ किनभने भाषाहरू समय-समयमा परिवर्तन भइराख्छन्। भाषा पुरानो भएर बुझ्न अप्ठयारो पऱ्यो भने बाइबललाई फेरि अनुवाद

गर्नुपर्छ। पुराना शब्दहरूलाई हटाएर नयाँ शब्दहरू राखिन्छ, जुन शब्दहरू दैनिक बोलीचालीमा प्रयोग हुन्छन्।

नयाँ अनुवाद बनाउने कोशिश गर्नुचाँहि बाइबलको शिक्षा वा अर्थलाई परिवर्तन गर्नु होइन। पुरानो र नयाँ, प्रोटेस्टेन्ट र क्याथोलीक सबै अनुवादहरू सामान्य रूपमा उस्तै बाइबल हुन। अनुवादकहरूले हिब्रू र ग्रीकमा भएका शब्दहरूको ठीक अर्थ हामीलाई दिने कोशिश गरेका छन्।

अंग्रेजी भाषाको सबैभन्दा प्रचलित अनुवाद किङ्ग जेम्स अनुवाद हो। यसको भाषा पुरानो भएको हुनाले बुझ्नलाई अलि कठिन पर्छ। चाखलाग्दो तुलनाको लागि हामी फिलिप्पी ३:१ को दुवै अनुवादहरूलाई हेरौं।

"अन्त्यमा ए भाइ हो, प्रभुमा आनन्दित होओ, तिमीहरूलाई त्यही कुरा लेख्न मलाई झर्को लाग्दैन, तर तिमीहरूको निम्ति सुरक्षित छ।"

"आखिरमा दाजु-भाइहरू, प्रभुको आनन्द तिमीहरूमा रहोस्! मैलेनै लेखिसकेको कुरा घरि घरि दोहोऱ्याएर लेख्नु झिंजो मान्दिन। यसले तिमीहरूलाई राम्रै गर्छ।"

कोही पाठकहरूलाई आधुनिक भाषा बुझ्न सजिलो पर्छ भने अरूहरूले चाँहि पुरानो अनुवादलाईनै रूचाउँछन्।

## तपाईंको अभ्यासको निम्ति

यी अभ्यासहरूमा वाक्यलाई पूरा गर्ने शब्द समूहको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**१४.** अंग्रेजी भाषामा बाइबलका विभिन्न अनुवादहरू छन्, किनभने अनुवादकहरू

**क.** तिनीहरूका आफ्नै सिद्धान्तमा यसलाई मिलाउन चाहन्छन्।

**ख.** मानिसहरूले सजिलैसँग बुझ्न सकून भनी साधारण शब्दहरूमा यसलाई राख्न चाहन्छन्।

**१५.** हामीले बाइबलको अनुवादको बारेमा कुरागर्दा के अर्थ दिएका हुन्छौं?

**क.** यसको बंधाइको योग्यता (मूल्यता)

**ख.** अनुवाद

**ग.** कठिन शब्दहरू

**१६.** आउने दिनहरूमा हामी आफ्नो भाषामा धेरै अनुवादहरू गरिएको देख्नेछौं होला किनभने

**क.** बाइबल छाप्नेहरू रूपैंया पैसा कमाउन चाहन्छन्।

**ख.** भाषा र शब्दका अर्थहरू परिवर्तन हुन्छन्।

• • •

## सन्देहजनक पुस्तकहरू

उद्देश्य ७. *सन्देहजनक पुस्तकहरूको सम्बन्धमा भएका सत्यताहरूलाई थाह गर्नु।*

बाइबलका कुनै अनुवादहरूले सन्देहजनक पुस्तकहरू समावेश गरेका छन्, र यिनीहरूलाई शंकायुक्त पुस्तकहरू पनि भनिन्छ। यी पुस्तकहरूले नयाँ र पुरानो नियम बीचको ४०० वर्षको इतिहासलाई बताए ता पनि तिनीहरूले उल्लेख गरेका ऐतिहासिक घटनाहरू सबै सत्य छैनन्। ईश्वरीय प्रेरणाको निम्ति हुनुपर्ने प्रमाण यिनीहरूमा नभएको हुनाले यहूदी पवित्र ग्रन्थ पुरानो नियममा यिनीहरूलाई कहिल्यै स्वीकार गरिएको छैन्।

पुस्तकहरूको यस संकलनलाई ग्रीक भाषामा एपोक्राइफा भनिन्छ जसको अर्थ "लुकेका कुराहरू" भन्ने हुन्छ। तिनीहरूलाई साधारण मानिसहरूले बुझ्न र कृतज्ञहुन नसक्ने उच्चदर्जाको शिक्षा भनी विचार गरिएको थियो - जब कि परमेश्वरको वचन चाँहि हाम्रो फायदा र आनन्दको लागि दिइएको हो। "सबै मानिसहरूले उद्धार पाऊन र तिनीहरू सत्यको ज्ञानमा आउन भन्ने इच्छा परमेश्वर गर्नुहुन्छ" (१ तिमोथी २:४)।

• • •

## तपाईंको अभ्यासको निम्ति

तल दिइएको प्रत्येक वाक्यको ठीक जवाफलाई छान्नुहोस्

**१७.** एपोक्राइफाको अर्थ के हो?
- **क.** "लुकेका कुराहरू"
- **ख.** "शंकाजनक (सन्देहजनक)"
- **ग.** "सह-ऐतिहासिक"

**१८.** बाइबलका धेरै अनुवादहरूले एपोक्राइफा (सन्देहजनक पुस्तक) समावेश गरेका छैनन् किनभने यी लेखाइहरू
- **क.** धेरै लामा छन्।
- **ख.** मा ईश्वरीय प्रेरणाको प्रमाण छैन्।
- **ग.** अनुवादगर्न कठिन छन्।

## तपाईंका उत्तरहरू जाँच्नुहोस्

१. ग. ६६
१०. क. बेठीक
ख. ठीक
ग. बेठीक
२. ग. यो परमेश्वरबाटको हो र यो उहाँको भएको हुनाले हामी यसलाई आदर गर्छौं।
११. परमेश्वरले चुन्नुभएका मानिसहरूलाई
३. ख. परमेश्वरका विचार र शब्दहरू लेख्न
१२. क. २) लूका २:१३-१४
ख. ७) मत्ती १:१
ग. १) प्रकाश ५:५
घ. ९) हिब्रू ५:६
ङ. १०) लूका १:३१
च. ४) लूका १:१७
छ. ८) मत्ती १:२३
ज. ३) मत्ती २१:४
झ. ५) मत्ती २६:१५
ञ. ६) लूका २३:५०-५१
४. करीब १६०० वर्ष
१३. संसारमा बाइबलको विभिन्न अनुवाद हुनुपर्ने कारणहरू यी तिनै हुन।
१४. ख. मानिसहरूले सजिलैसँग बुझ्न सकून भनी साधारण शब्दहरूमा यसलाई राख्न चाहन्छन्।
६. क. परमेश्वरचाँहि साँचो लेखक हुनुहुन्थ्यो र तिनीहरूले लेख्दा तिनीहरू पवित्र आत्माको अधिनमा थिए।

१५. **ख**. अनुवाद
७. **क**. हिब्रू (इस्राएलीहरू)
१६. **ख**. भाषा र शब्दका अर्थहरू परिवर्तन हुन्छन्
८. **ख**. नयाँ नियम
१७. **क**. "लुकेका कुराहरू"
९. सबै उत्तरहरू ठीक छन्
१८. **ख**. ईश्वरीय प्रेरणाको प्रमाणको कमी।